आज मिति २०७७ साल माघ २६ गते सोमवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | अनुपस्थित |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | अनुपस्थित |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | अनुपस्थित |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | अनुपस्थित |
| १२ | सदस्य | श्री बालदिप राई | अनुपस्थित |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | अनुपस्थित |
| १८ | सचिव | श्री याम बहादुर उप्रकोटी | |
| १९ | प्रशासन अधिकृत (क्षै.) | श्री बाबुराम के.सी. | |
| २० | इन्जिनियर | गजेन्द्र कुमार साह | |
| | | | |

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर, १ नं प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

प्रस्तावहरुः

१. माग आकृति फारम पठाउने सम्वन्धमा ।
२. प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम ।
३. हात्तिपाइले खानेपानी आयोजना लागत स्टिमेट सम्वन्धमा ।
४. खेलकुद सहभागीता खर्च रकम भुक्तानी सम्वन्धमा ।
५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्वन्धमा ।
६. राजा लिम्वस् फिल्म्स प्रा.लि. आर्थिक सहयोग सम्वन्धमा ।
७. विविध आर्थिक सहायता सम्वन्धमा ।

निर्णयहरु

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं १ को प.स.२०७७/०७८ च.न.९२४ मिति २०७७/१०/०७ को पत्रानुसार यस गाउँपालिकामा दरवन्दी तेरिजअनुसारको रिक्त दरवन्दी पुर्तीका लागि टिप्पणी सहित पेश भएको पदहरुको माग आकृति फारम पठाउने निर्णय गरियो ।
२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानिय पूर्वाधार विभागले प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम कार्यान्वयन समन्वय इकाइ ललितपुरको मिति २०७७/१०/२१ को सार्वजनिक सुचना वमोजिम राष्ट्रिय तथा प्रादेशिक सडक संजालमा यस गाउँपालिकाको केन्द्र रहेको वालांखा जोड्ने प्रादेशिक एवं स्थानिय सडक निर्माण तथा सुधार कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ३ वमोजिम उदयपुर जिल्लाको चौदण्डीगढी न.पा. मा पर्ने विरेन्द्र चौक-चौदण्डीगढी-रानिटार खण्ड(उदयपुर तर्फ) र रानिटार-पाङ्चा-वालांखा सडक (आमचोक गा.पा. भोजपुर खण्ड) लाई <u>उदयपुर-रानिटार पाङ्चा-वालांखा सडक</u> भनि नाम पहिचान भएको सडक छनौट गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभाग,स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयमा पठाउने निर्णय गरियो ।
३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाउँपालिकाका लागि संघीय सरकारवाट विशेष अनुदान शीर्षकमा "एक घर एक धारा कार्यक्रम" कार्यान्वयनका हात्तिपाइले खानेपानी आयोजना मेनलाईन विस्तार तथा डिस्ट्रिव्यूसन लाईन आमचोक-०८ का लागि आमचोक गा.पा. मोरङ र सुनसरी जिल्लाको आ.व. २०७७/०७८ स्वीकृत दररेटलाई आधारमानि लागत इस्टिमेट तयार गरि प्राविधिक शाखावाट पेश भएको टिप्पणी आदेश नं-१९ स्वीकृत गर्ने निर्णय गरियो ।
४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाको खेलकुद विकास समितिले प्रतियोगितात्मक भलिवल प्रतियोगिताका लागि दमक भलिवल संघले आह्वान गरे वमोजिम खेलाडी सहभागीताका लागि पठाउँदा भएको खर्च आमचोक गाउँपालिकाको खेलकुद विकास समितिलाई चालु आ.वमा विनियोजित वजेटवाट भुक्तानीहुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।
५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि चण्डेश्वर मावि वालांखालाई कार्यक्रम संचालनका लागि छनौट गर्ने निर्णय गरियो ।
६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै राजा लिम्वस् फिल्म्स प्रा.लि ले आमचोक गाउँपालिकाको केन्द्रमा सांगितिक कार्यक्रम गर्न तय भएकोले आर्थिक सहयोगको लागि माग भै आएकोमा गाउँसभावाट अन्य सहायता शीर्षकमा विनियोजित रकमवाट रु २०००००।०० दुई लाख मात्र- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै तपसिल वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**क. आमचोक गाउँपालिका वडा नं ९ स्थायी ठेगाना भै व्लड क्यान्सरवाट पिडित सिता कार्की-१००००।००**

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालांखा, भोजपुर १ नं प्रदेश

२०७७/१०/२६

प्रमुख प्रशासकीय अधिकृत

२०७७/१०/२६

अशोक राई
अध्यक्ष

ख. आमचोक गाउँपालिका वडा नं ९ स्थायी ठेगाना भै फोक्सोको क्यान्सर पिडित कृष्ण व. सार्की-१००००।००

ग. नव-स्थापित प्रहरी चौकी वासिङ्थर्पुलाई कार्यालय व्यवस्थापन तथा खरिदका लागि भएको खर्च रु २३९४५।००

प्रमाणित गरिएको

२०७७/१०/२६

प्रमुख प्रशासकीय अधिकृत

०७७/१०/२६

अशोक राई
अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर